# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाडौं

### निक्षेप संकलन उपकरण निष्कासन सम्बन्धी सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी तीन महिना अवधिको निक्षेप संकलन उपकरण निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. (क) | उपकरणको नाम | : | निक्षेप संकलन । |
| (ख) | निष्कासन हुने रकम | : | रु.५ अर्ब (पांच अर्ब रुपैयां मात्र) । |
| (ग) | वोलकवोल हुने मिति | : | २०७१ मंसिर २३ गते दिउंसो २ बजेसम्म खामबन्दी र २ बजेदेखि ३ बजेसम्म अनिवार्यरुपमा Online Bidding मार्फत वोलकवोल गर्नुहुन । |
| (घ) | निष्कासन हुने मिति | : | २०७१ मंसिर २४ गते । |
| (ङ) | ब्याजदर | : | बोलकबोलको माध्यमबाट बजारद्वारा निर्धारण हुने । |
| (च) | सांवा तथा ब्याज भुक्तानी हुने मिति | : | २०७१ फाल्गुण २६ गते । |
| (छ) | खरिद गर्न सकिने रकम | : | घटीमा रु.५ करोड र बढीमा ५ करोड रुपैयाले भाग गर्दा नि:शेष भाग जाने गरी कुल निष्कासित रकमसम्म । |
| (ज) | फाराम सम्बन्धी व्यवस्था | : | यस सम्बन्धी फाराम यस बैंकको वेवसाईट www.nrb.org.np अन्तर्गत Public Debt/Monetary Policy Operation/ Deposit Collection / Bid Form बाट डाउनलोड गरी प्रयोग गर्न सकिने । |
| (झ) | धितो सम्बन्धी व्यवस्था | : | यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाहरुमा धितोको रुपमा प्रयोग गर्न सकिनेछ । |

२. निक्षेप संकलनको बोलकबोल बहुब्याजदर प्रणालीमा गरिनेछ ।

३. यो निक्षेप संकलन उपकरणको बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिमका काउण्टरपार्टीहरु ("क", "ख" र "ग" बर्गका बैंक तथा वित्तीय संस्था) ले मात्र सहभागी हुन पाउने छन् ।

४. काउण्टरपार्टीहरुले बोलपत्र फाराममा आफूले निक्षेप वापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

५. निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बांडफांड गर्दा बोल बमोजिमको ब्याजदर अनुसार सबैभन्दा कम बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बांडफाड गरिनेछ ।

६. समान ब्याजदर उल्लेख भएका बोलपत्रहरुको रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी भएमा **Pro-rata basis** मा बांडफांड गरिनेछ ।

७. खुला बजार कारोबार संचालन समितिले **Cut-off rate** निर्धारण गर्न सक्नेछ र सोभन्दा बढी ब्याजदरको निक्षेप स्वीकार गर्ने वा नगर्ने अधिकार समितिसंग सुरक्षित रहनेछ ।

८. आव्हान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहनेछ ।

९. सफल बोलवालाहरुको स्वीकृत रकम यस बैंकमा रहेको खाता खर्च गरी निक्षेप संकलनको लागि खोलिएको अलग्गै खातामा जम्मा गरिनेछ ।

१०. बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्कासन गरिने दिनमा मौज्दात रकम पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीको अर्नेष्ट मनि बापतको रकम जफत गरी निजलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाईनेछ ।

११. संकलित निक्षेप उपकरणको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याज सहित निक्षेप रकम सम्बन्धित बैंकको खातामा जम्मा गरि दिनेछ ।

१२. निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी **Portfolio** हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात **(CRR)** मा गणना गर्न पाईने छैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने **SLR** तथा **Liquidity Ratio** मा उक्त रकम गणना गर्न पाइनेछ ।

१३. संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता भुक्तानी तथा Pre-mature हुने छैन ।

**विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४१०१७३९ मा सम्पर्क गर्नुहुन ।**